३६औं कार्यपालिका दोश्रो बैठक २०८१।३।०९ गते

प्रस्ताव नं. १ लेखा समितिको नियमावली पारित सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिकाको लेखा समितिलाई व्यवस्थित रुपमा कार्यसञ्चालनका लागी नियमावलीको मस्यैदा तयार भै यस बैठकमा पेश हुन आएकोले **लेखा समिति कार्यसञ्चालन नियमावली,२०८१** पारितका लागी १५औं नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ असल करदाता सम्मान सम्बन्धमा ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा वडा कार्यालयहरुबाट सिफारिस भई आएका २४ जना व्यक्ति र १ वटा संस्थालाई असल करदाताका रुपमा सम्मान गर्न स्थानीय राजस्व परामर्श समितिबाट अनुरोध भई आए बमोजिम निजहरुलाई प्रमाण पत्र सहित सम्मान गर्ने निर्णय गरियो ।

प्रस्ताब नं.३ बजेट तथा आयोजना संशोधन सम्बन्धमा ।

निर्णय नं.३. प्रस्ताव नं. ३ माथी छलफल गर्दा आगामी नगर सभाबाट अनुमोदन तथा समर्थन हुने गरी क्षेत्रगत आयोजना तथा कार्यक्रमहरुको प्रगति समिक्षाको आधारमा तपशिल बमोजिम आयोजना तथा कार्यक्रमहरु संशोधन गर्ने र कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्रस. | साविक आयोजना तथा कार्यक्रमको नाम | साविक विनियोजित रकम रु | क्रस.. | संशोधित आयोजना तथा कार्यक्रमको नाम | आयोजना स्थल | विनियोजित रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्स | ७,००,०००/- | १ | फर्निचर तथा फिक्चर्स र इलेक्टोनिक सामाग्रीहरु खरिद | कार्यालय | ७,००,०००/- | |

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

२०८१।३।१०

Scanned with CamScanner

३६औं कार्यपालिका बैठक २०८१।३।०८ गते

प्रस्ताव नं. १ आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम स्वीकृत सम्बन्धमा।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस टीकापुर नगरपालिकाको आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम स्वीकृत गरियो साथै उक्त नीति तथा कार्यक्रम नगर सभा बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ आ.व.२०८१।८२ का लागी आर्थिक विधेयक, २०८१ सम्बन्धमा ।

निर्णय नं. २ प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८१/०८२ को कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्ने सम्बन्धमा टीकापुर नगरपालिकाको आर्थिक विधेयक, २०८१ को मस्यौदा उपर छलफल गरी स्वीकृत गरियो साथै उक्त विधेयक आगामी नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ आ.व.२०८१।८२ का लागि विनियोजन विधेयक, २०८१ सम्बन्धमा ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८१/०८२ को सेवा र कार्यहरुका लागि स्थानीय सन्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धमा टीकापुर नगरपालिकाको विनियोजन विधेयक, २०८१ को मस्यौदा उपर छलफल गरी स्वीकृत गरियो साथै उक्त विद्येयक नगर सभा समक्ष पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ आ.व.२०८१।८२ का लागी वजेट वक्तव्य वाचन सम्बन्धमा ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको आगामी आ.व.२०८१/०८२ का लागी प्रस्ताव गरिएको बजेट प्रस्तुत गर्ने सम्बन्धमा मिति २०८१ असार ९ गते वस्ने १५औं नगर सभा अधिवेशनमा आर्थिक विधेयक,२०८१ र विनियोजन विधेयक,२०८१ वाचन गर्न टीकापुर नगरपालिका नगर कार्यपालिकाका जेष्ठ सदस्य श्री राम बहादुर नगार्जीलाई तोक्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
टीकापुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner